नेपाल गजेट

भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, पौष १६ गते २०१९ साल

श्री ५ को सरकार

अर्थ मन्त्रालयको

सूचना

निकासी पैठारी (नियन्त्रण) ऐन २०१३ को दफा (३) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले यो आदेश जारी गरेको छ।

संख्या (३७) मिति ०१८-९-१८ को नेपाल गजेट भाग (३) मा प्रकाशित माल सामान तथा वस्तुहरू नेपाल अधिराज्यमा पैठारी गर्न र नेपाल अधिराज्यबाट निकासी गर्न प्रतिबन्ध लगाइएको सूचनाको (क) पैठारीतर्फ विषय नं. (१२) पछि निम्नलिखित (१३) समावेश गरेको छ।

(१३) बदाम (मुमफली) को तेल।

आज्ञाले-

डा. यादवप्रसाद पन्त

श्री ५ को सरकारको सचिव,

अर्थ मन्त्रालय।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

अर्थ मन्त्रालयको

सूचना

निकासी पैठारी नियन्त्रण ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले यो आदेश गरेको छ।

मिति २०१८।११।१५ को नेपाल गजेट भाग (३) मा प्रकाशित नेपाल अधिराज्यबाट निकासी गर्न प्रतिबन्ध लागेको नं. (१) मा रहेको फलाम सत्तरी, कर्कटपाता, फलामको छड् र फलामको ज्यावलसमेत हाल पयाक्टरीहरूले भिकाई पैठारी हुनआई नमिलेका मेशीनका पार्ट पूर्जा इलाका बडाहाकिमले हेरी फिर्ता लैजान दिनेगरी मिति ०१९-८-१-६ मा निर्णय भइको छ।

आज्ञाले-
डा. यादवप्रसाद पन्त
श्री ५ को सरकारको सचिव,
अर्थ मन्त्रालय।

मुद्रण विभाग, सिंहदरबार

४८८ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।